**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ मई २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. राज्यका मुख्यमन्त्री शुभेन्दु अधिकारी भोली सिलिगुडी आउनुहुनेछ। उहाँले उत्तरकन्यामा एउटा महत्त्वपूर्ण प्रशासनिक बैठक गर्नुहुनेछ।

२. तृणमूल कांग्रेसका उम्मेदवार, जहाँगीर खानले फालता विधानसभा क्षेत्रमा पुनर्मतदानबाट आफ्नो नाम फिर्ता लिने घोषणा गर्नुभएको छ। पुनर्मतदान 21 मईमा हुनेछ।

३. पश्चिम बंगाल सरकारले वित्तीय अनियमितता मामिलामा आर. जी. कर मेडिकल कलेजका पूर्व प्रचार्य संदीप घोष विरुद्ध मुद्दा चलाउन अनुमति दिईएको छ।

४. राज्य सरकारले समयसिमा सकिएर मनोनित प्रशाशकहरुको भरमा चलीरहेको नगरपालिकाहरुलाई अब महकुमा शाशकको अधिनमा रहने जनाएको छ।

५. भारतीय जनता पार्टीको आयोजनामा खरसाङमा विजय उत्सव भव्य रुपमा आयोजना गरीयो।

**शुभेंदु अधिकारी सिलीगुड़ी भ्रमण**

राज्यमा राजनीतिक परिवर्तन पछि मुख्यमन्त्री शुभेन्दु अधिकारी पहिलो पटक उत्तर बंगालको भ्रमणमा आउँदै हुनुहुन्छ।उहाँले भोली सिलिगुडी आनुहुनेछ साथै उत्तरकन्यामा एउटा महत्त्वपूर्ण प्रशासनिक बैठक गर्नुहुनेछ। प्रशासनिक सूत्रहरु अनुसार यस बैठकमा उत्तर बंगालका विभिन्न जिल्लाका वरिष्ठ अधिकारीहरू सामेल हुनेछन्।बैठकमा कानून व्यवस्थाको स्थिति, सरकारी योजनाहरूको प्रगति र क्षेत्रीय विकाससित सम्बन्धित कैयन महत्त्वपूर्ण मुद्दाहरूमा चर्चा गरिनेछ।मुख्यमन्त्रीको भ्रमणलाई लिएर तयारी तीव्र गतिमा भइरहेको छ। उत्तरकन्या परिसरलाई फ्लेक्स, फेस्टुन र अन्य सजावटले सजाइएको छ।यसका साथै सुरक्षा व्यवस्था पनि कडा पारिएको छ
आज , धेरै वरिष्ठ भाजपा नेताहरू उत्तरकन्या पुगे र तयारीको समीक्षा गरे। उत्तर बंगालको विकास र प्रशासनिक गतिलाई तीव्र पार्ने सन्दर्भमा यो बैठक धेरै महत्त्वपूर्ण सिद्ध हुन सक्ने राजनीतिक विश्लेषकहरूको भनाई छ।

**प्रशासनिक कदम**

मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको नयाँ सरकारले राज्यमा भ्रष्टाचारमुक्त र पारदर्शी प्रशासन प्रदान गर्ने दिशामा ठूलो प्रशासनिक कदम चालेको छ। राज्य सरकारले पश्चिम बंगाल सिविल सेवा (डब्ल्यूबीसीएस) का कैयौं अधिकारीहरूलाई मन्त्रीहरूको "कार्यकारी सहायक" को रूपमा नियुक्त गरेको छ। राज्य कार्मिक र प्रशासनिक सुधार विभागले जारी गरेको अधिसूचनामा अधिकारीहरूलाई तुरुन्त नयाँ जिम्मेवारी लिन निर्देशन दिइएको छ।

**सीएम कैबिनेट**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारी सरकारले तृणमूल सरकारका पालामा केन्द्र र राज्यका विभिन्न परियोजनाहरूमा धोखाधडीको आरोपको छानबिन गर्न एक आयोग गठन गरेको छ। नयाँ सरकारको दोस्रो मन्त्रिपरिषद् बैठक हिजो बसेको थियो। त्यहाँ आयोग गठन गर्ने निर्णय भएको थियो। यस्तै पछिल्ला केही वर्षमा महिला तथा बालबालिकामाथि भएका अत्याचारको छानबिन गर्न दोस्रो आयोग गठन गरिएको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो राज्य सचिवालय नबन्नामा पत्रकार सम्मेलन गरी यी दुई आयोग गठनको घोषणा गर्नुभयो।

**वर्द्धमान रोड फ्लाइओभर**

सिलगढ़ी वर्द्धमान रोडमा नवनिर्मित फ्लाईओभर चाँड़ै उद्धाटनको तयारीमा छ। सिलगढ़ी पुलिस कमिश्नरेटको ट्राफिक विभागले आधिकारिक उद्धाटन हुनअघि हिजो फ्लाईओभरको परीक्षण गऱ्यो। यस परीक्षण रन मार्फत ट्राफिक आवागमनको उपयोगिता र ट्राफिक व्यवस्थापनका विभिन्न पक्षहरूको जाँच गरियो। उल्लेखनीय छ, मुख्यमन्त्री शुभेन्दु अधिकारीको भोली हुने उत्तर बंगाल भ्रमण अवधी फ्लाईओभरको उद्धाटन गर्न सक्ने सूत्रले जनाएको छ।

***यस सम्बन्धमा बोल्दै डीसीपी ट्राफिक काजी शमसुद्दीन अहमदले सोमवार फ्लाईओभरको निरीक्षण गरिएको अनि यस सम्बन्धमा विस्तृत प्रतिवेदन तयार पारेर सम्बन्धित विभागमा पठाइने बताउनु भयो। फ्लाईओभर कहिले सञ्चालनमा ल्याउन सकिन्छ भन्ने निर्णय सम्बन्धित अधिकारीहरूले चाँडै गर्ने पनि उहाको भनाइ थियो***

**टीएमसी-फालता पुनर्मतदान**

पश्चिम बंगालमा तृणमूल कांग्रेसका उम्मेदवार, जहाँगीर खानले आज **फालता** विधानसभा क्षेत्रमा हुने आगामी पुनर्मतदानबाट आफ्नो नाम फिर्ता लिने घोषणा गर्नुभएको छ।श्री खानले उहाँको यो कदम क्षेत्रमा शान्ति र विकासले प्रेरित भएको बताउनुभयो । उहीँले **फालता**को लागि भाजपा नेतृत्वमा रहेको नयाँ सरकारको विशेष प्याकेजको सराहना गर्नुभयो।यसैबीच, तृणमूल कांग्रेसले **फालता** पुनर्मतदानबाट आफ्नो नाम फिर्ता लिने जहांगीर खानको निर्णय उहाँको व्यक्तिगत निर्णय भएको र यसमा पार्टीको कुनै सरोकार नभएको बताएको छ। मतगणना 24 मई को होगी। निर्वाचन आयोगले व्यापक धाँधली भएको भन्दै 29 अप्रैलमा भएको चुनावलाई रद्द घोषणा गरेको थियो र 21 मईमा सबै 285 बुथमा पूर्ण रूपमा पुन: मतदान गर्न आदेश दिएको थियो। मतगणना 24 मईमा हुनेछ।श्री खानले आफ्नो नाम फिर्ता लिएपछि अब भाजपाका देवांशु पाण्डा, कांग्रेसका अब्दुर रज्जाक मोल्ला र सी.पी.आई-एमका शम्भुनाथ कुर्मी बीच प्रतिस्पर्धा हुनेछ।

**पश्चिम बंगाल-आरजी कर अस्पताल**

पश्चिम बंगाल सरकारले आरजी कर मेडिकल कलेज तथा अस्पतालका पूर्व प्राचार्य सन्दीप घोष बिरुद्ध मुद्दा चलाउन प्रवर्तन निदेशालयलाई अनुमति दिएको छ।मुख्यमन्त्री शुभेन्दु अधिकारीले घोष विरुद्द कथित वित्तीय अनियमितता र मनी लॉन्ड्रिंगको आरोपमा मुद्दा चलाउन निदेशालयलाई अनुमति दिने आधिकारिक आदेश जारी गर्नुभएको छ। श्री अधिकारीले भन्नुभयो विगतको तृणमूल कांग्रेस सरकारले यस मामिलाको जाँच प्रक्रियालाई लामो समयसम्म बलजफ्ती र अनैतिक रूपमा रोकेको थियो।

यो मामिला एक प्रशिक्षु डॉक्टरसित दुष्कर्म और हत्यासित संबंधित छ। सीबीआईले 29 नवंबर, 2025 मा आरजी कर मेडिकल कलेज र अस्पतालमा वित्तीय अनियमितताको संबंधमा आरोप पत्र दर्ता गरिएको थियो।

**उच्च न्यायालय आर.जी. कर**

कलकत्ता उच्च न्यायालयले आज आर.जी. कर मेडिकल कलेज तथा अस्पतालमा एक महिला चिकित्सकसित दुष्कर्म र हत्या मामिलाको सुनुवाइको क्रममा केन्द्रीय अन्वेषण ब्यूरो (सीबीआई) लाई महत्त्वपूर्ण निर्देश दिईएको छ।अदालतले भनेको छ अस्पतालको सेमिनार हल लगायत सबै स्थानहरू जुन जाँचको लागि सिल गर्न आवश्यक छ, तत्काल सिल गरिनुपर्छ।
सुनुवाइको क्रममा, न्यायमूर्ति शम्पा सरकार र न्यायमूर्ति तीर्थंकर घोषको खंडपीठले सीबीआईलाई आर.जी. कार अस्पतालको घटनास्थलको सिल खोलिएको छ कि छैन भनेर सोध्यो। न्यायालयले मामिलासित जोड़ीएको घटनास्थललाई सुरक्षित राख्नु महत्त्वपूर्ण रहेको बताएको छ।मामिलाको आगमी सुनवाई बिहिवार निर्धारित गरिएको छ।

**अभिषेक बनर्जी नोटिस**

कोलकाता नगर निगमले तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक बनर्जीसित सम्बन्धित दुई ठेगानाहरूमा अवैध निर्माणलाई लिएर नोटिस जारी गरेको छ।यस मध्ये एउटा नोटिस अभिषेकको आमा लता बनर्जीको नाममा पठाइएको छ भने

दोस्रो नोटिस 'लिप्स एण्ड बाउन्ड्स' नामक संस्थालाई जारी गरिएको छ।जसलाई अभिषेक बनर्जीसित सम्बन्धित संगठन मानिन्छ।

**बोर्ड अफ काउन्सिलर**

राज्य सरकारले एक अधिसूचना जारी गर्दै समयसिमा सकिएर मनोनित प्रशाशकहरुको भरमा चलीरहेको नगरपालिकाहरुलाई अब महकुमा शाशकको अधिनमा रहने जनाएको छ । यसै क्रममा चुनाउपछि नयाँ बोर्ड अफ काउन्सिलर (काउन्सिलर बोर्ड) गठन नभएसम्मका लागि खरसाङ, मिरिक, कालेबुङ  र बुनियादपुर नगरपालिकाको प्रशासकका रूपमा महकुमा शाशक (एसडीओ) नियुक्त गरेको छ। यो अधिसूचना नगरपालिका मामिला विभागद्वारा तत्काल प्रभाव रहने बताइएको छ।

स्रोतका अनुसार सफा छवि, पारदर्शी कार्यशैली र राजनीतिक रुपमा निष्पक्ष सेवा रेकर्डका आधारमा उनीहरु छनोट गरिएको हो । स्वतन्त्रतापछि पहिलो पटक पश्चिम बङ्गालमा भारतीय जनता पार्टीको सरकार बनेपछि राज्यको प्रशासनिक संरचनामा ठुलो परिवर्तन हुन थालेको छ।

**विजय उत्सव**

भारतीय जनता पार्टीको आयोजनामा खरसाङमा विजय उत्सव बिराट रयालीको साथमा आज भव्य रुपमा आयोजना गरीयो। कार्यक्रममा सांसद राजु विष्ट, नवनिर्वाचित विधायक सोनाम लामा र भाजपा जिल्ला अध्यक्ष सञ्जीव लामा लागायत गठबन्धन दलका सदस्यहरुको बिशेस रुपमा उपस्थिति रहेको थियो।

***उक्त बिजय ऱ्याली खरसाङको टुरिस्ट लजबाट शुरु भएर राष्ट्रिय राजमार्ग ११० हुँदै अस्पताल मोडबाट हिल कार्ट रोड भएर खरसाङ बजार परिक्रमा गर्दै मोटर स्ट्याण्डसम्म पुगेको थियो। मोटर स्ट्याण्डमा पुगेर बिजय ऱ्याली पथ सभामा परिणत भएको छ। जहा बक्ताहरुले यसपालीको विधानसभा चुनावमा खरसाङ विधानसभा समष्टिको जनताले भारी मतले विजयी बनाएकोमा खरसाङका जनतालाई धन्यवाद ज्ञापन गरेका छन। उक्त ऱ्यालीको अवधि सांसद राजु विष्ट, नवनिर्वाचित विधायक सोनाम लामा र भाजपा जिल्ला अध्यक्ष सञ्जीव लामाले गाडीमा सवार भएर खरसाङका जनतालाई अभिवादन गर्दै धन्यवाद दिएका छन्। यसावधि जनताले तीनैजनालाई ठाउँ ठाउँमा खदा लगाएर जीतको बधाई दिएका छन्।  यस विजय ऱ्यालीमा खरसाङमा जय श्रीरामको नारा गुञ्जायमान भएको थियो।***

**रोड ओभर ब्रिज**

दार्जिलिङ जिल्ला प्रशासनले आज राङ्गापानीमा रोड ओभर ब्रिज (ROB) निर्माणका लागि अनापत्ति प्रमाणपत्र (NOC) जारी गरेको छ। यो राङ्गापानी, फाँसीदेवा, खोरीबारी, सिलीगुडी र उत्तर बङ्गालका आसपासका क्षेत्रका बासिन्दहरूका लागि एउटा महत्त्वपूर्ण र लामो समयदेखि थन्किएको आयोजना हो, जसको पूर्ण खर्च केन्द्र सरकारद्वारा ६९.७९ करोडको लागतमा बेहोरिँदैछ। यसको जानकारी दार्जिलिंगका सासद राजु विस्टले एक सोसियल मिडिया पोस्ट मार्फत गर्नुभयो। उहाले भन्नुभयो मैले यो विषय संसदमा पटक-पटक उठाएको थिएँ र रेल मन्त्रीलाई पनि पत्र लेखेको थिएँ। जब कुनै क्रसिङमा कुल सवारी साधन एकाइ (TVU) १ लाख पुग्छ, तब त्यो ROB-को लागि योग्य हुन्छ। तर, राङ्गापानी क्रसिङमा १० लाख TVU पुग्दा पनि रोड ओभर ब्रिज निर्माण हुन सकेको थिएन। तृणमूल कांग्रेसको नेतृत्वमा रहेको पश्चिम बङ्गाल सरकारले आयोजना सुरु गर्न आवश्यक पर्ने अनापत्ति प्रमाणपत्र (NOC) दिन पटक-पटक अस्वीकार गरेका कारण यो आयोजना धेरै पटक ढिलो भएको थियो। यसैबीच उक्त कार्यको निम्ती प्रधानमन्त्री नरेन्द्र मोदी, माननीय रेल मन्त्री अश्विनी वैष्णव र माननीय मुख्यमन्त्री सुवेन्दु अधिकारी प्रति विस्टले आभार प्रकट गर्नुभयो।

**(डी एम ओ एच)**

भारतीय जनता युवा मोर्चाका सदस्यहरूले दार्जिलिङ जिल्ला अस्पतालको भ्रमण गरी जिल्ला स्वस्थ अधिकारी (डी एम ओ एच) सँग भेटवार्ता गर्दै अस्पतालमा देखिएका विभिन्न समस्याबारे ज्ञापनपत्र बुझाएका छन्। ज्ञापनपत्रमा अस्पतालमा

भइरहेको खानेपानी आपूर्तिमा अवरोध, फोहोर व्यवस्थापन तथा पार्किङ समस्याजस्ता विषयहरू उल्लेख गरिएको थियो।अस्पताल प्रशासनले भाजयुमो टोलीको पहललाई सकारात्मक रूपमा लिँदै आगामी दिनहरूमा यी समस्याहरू समाधान गर्न आवश्यक सहयोग र समन्वय गर्ने आश्वासन दिएको छ।

**संशो. पेट्रोल-डीजल वृद्धि**

पेट्रोल र डिजेलको मूल्य आज लगभग 90 पैसा प्रति लीटरले बढाइएको छ, जुन एक साता भन्दा कम समयमा दोस्रो बढ़ोतरी हो। दिल्लीमा, पेट्रोलको मुल्य अब 98 रुपियाँ 64 पैसा प्रति लीटर भएको छ, भने डीज़लको मुल्य 91 रुपियाँ 58 पैसा भएको छ। मुंबईमा, पेट्रोल 107 रुपियाँ 59 पैसा र डीज़ल 94 रुपियाँ 8 पैसा प्रति लीटरले बिक्री भईरहेको छ । कोलकातामा पेट्रोलको मुल्य 109 रुपियाँ 70 पैसा र डीज़लको 96 रुपियाँ 7 पैसा भएको छ, चेन्नईमा पेट्रोलको मुल्य 104 रुपियाँ 49 पैसा र डीज़लको 96 रुपये 11 पैसा प्रति लीटर भएको छ।यो बढ़ोतरी ईरान संघर्ष र होर्मुज़ जलडमरूमध्यमा अवरोधका बीच विश्वव्यापी काँचो तेलको मूल्यमा भएको तीव्र वृद्धिपछि भएको हो।

**********